मिति २०८२/०९/०७ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय भरतपुर, चितवन

## चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०७)

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८२ पौष ६ गते बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको ३८६औं बैठकको निर्णय अनुसार संस्थाको चौबिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थानः**

मिति : २०८२ साल पौष २८ गते सोमबार (तदनुसार १२ जनवरी, २०२६) ।

समय : बिहान १० : ०० बजे ।

स्थान : होटल सेभेन लिमिटेड सौराहा, चितवन ।

**छलफलका विषयहरूः**

**(क) साधारण प्रस्तावहरूः**

१. अध्यक्षज्यूबाट प्रस्तुत हुने सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन (आ.व.२०८१/०८२) उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू सहितको वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुंजीको ५ (पाँच) प्रतिशतले हुन आउने रकम रू. ९,३४,१४,२८४/८० (अक्षरेपी नौ करोड चौतिस लाख चौध हजार दुई सय चौरासी रूपैया र पैसा असी मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार यस वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. यस वित्तीय संस्थाको समुह 'क' संस्थापक शेयरधनीहरू मध्येबाट रिक्त रहेको १ जना सञ्चालकको बाँकी कार्यकालको लागि र समुह 'ख' सर्वसाधारण शेयरधनीहरू मध्येबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरूः**

१. वित्तीय संस्थाको अधिकृत पुंजी वृद्धि गरी रू. ३ अर्ब पुऱ्याउन स्वीकृति प्रदान गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुंजीको १० (दश) प्रतिशतले हुन आउने रकम रू.१८,६८,२८,५६९/६१ (अक्षरेपी अठार करोड अठसठ्ठी लाख अठ्ठाईस हजार पाँच सय उनान्सत्तरी रूपैया र पैसा एकसठ्ठी मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृति प्रदान गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् राख्ने ।

३. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,८६,८२,८५,६९६/०८ (अक्षरेपि एक अर्व छयासी करोड बयासी लाख पचासी हजार छ सय छयानब्बे रूपैया र पैसा आठ मात्र) रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू. २,०५,५१,१४,२६५/६९ (अक्षरेपि दुई अर्व पाँच करोड एकाउन्न लाख चौध हजार दुई सय पैसठ्ठी रूपैया र पैसा उनान्सत्तरी मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. अधिकृत पुंजी वृद्धि तथा बोनस शेयर जारी पछि कायम हुने संस्थाको जारी र चुक्ता पुंजी बमोजिम यस वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा (५) को (क), (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

५. सञ्चालकहरूको बैठक भत्ता सम्बन्धमा छलफल गरी नियमावलीको नियम ३१ मा संशोधन गर्ने ।

६. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त अन्य लघुवित्त वित्तीय संस्थाहरूलाई गाभ्ने/प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम तथा निर्देशन अनुसार गर्न आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

७. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविधः**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. यस वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२ पौष १६ गते एक दिन शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । मिति २०८२ पौष १६ गतेभन्दा अगाडी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरू मात्र साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नु हुनेछ ।

२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सक्कल शेयरधनी प्रमाणपत्र वा प्रवेशपत्र वा हितग्राही खाता (DEMAT A/C) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।

३. नावालक तथा अशक्त शेयरधनी महानुभावहरूले संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिलाई मात्र प्रतिनिधि तोक्न पाउनु हुनेछ ।

४. साधारण सभामा भाग लिनु हुने शेयरधनी महानुभावहरूको लागि हाजिर पुस्तिका सभा हुने दिन र स्थानमा बिहान ९ बजेदेखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

५. यस वित्तीय संस्थाको वार्षिक आर्थिक विवरणहरू शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा हुलाक/कुरियर/ईमेल मार्फत पठाइने छ । यदि प्राप्त नभएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय वा संस्थाको वेबसाइट www.deproscbank.com.np बाट हेर्न/प्राप्त गर्न सकिनेछ ।

६. प्रोक्सी मार्फत भाग लिन चाहने शेयरधनी महानुभावहरूले सम्बन्धित समुहको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र यस्तो प्रोक्सी फारम साधारण सभा शुरू हुनुभन्दा ९६ घण्टा अगावै यस वित्तीय संस्थाको कर्पोरेट कार्यालयमा वा निर्वाचन अधिकृतले तोकेको कार्यालयमा दर्ता गरेकोलाई मात्र मान्यता दिईनेछ ।

७. समुह 'क' संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने र समुह 'ख' सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०८२ पौष १३ गते यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौको सूचना पाटी र संस्थाको वेबसाइटमा छुट्टै प्रकाशित गरिनेछ ।

८. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ वा केन्द्रीय कार्यालय भरतपुर, चितवनबाट रू. ५००/- तिरी प्राप्त गर्न सकिनेछ ।

९. अन्य जानकारीको लागि यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौको फोन नं. ०१-५३८८६५० मा सम्पर्क गर्न हुन अनुरोध छ ।